**माइक्रोनेसीया सरकार तथा नेपाल सरकारबीच**
**कूटनीतिक सम्बन्ध स्थापना सम्बन्धी**
**संयुक्त विज्ञप्ति**

माइक्रोनेसीया सरकार तथा नेपाल सरकारले,

दुई राष्ट्रहरुबीच पारस्परिक समझदारीको भावनालाई प्रबर्द्धन गर्न एवं आपसी मित्रता तथा सहयोगलाई अझ सुदृढ गर्ने इच्छा राख्दै,

संयुक्त राष्ट्रसंघको बडापत्रका सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानून विशेषतः अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको सम्मान तथा प्रबर्द्धन, राष्ट्रहरुबीच समानता, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता तथा अन्तर्राष्ट्रिय सन्धिहरुप्रतिको पूर्ण सम्मान र राष्ट्रहरुको आन्तरिक मामिलामा अहस्तक्षेपको सिद्धान्तहरुबाट निर्देशित हुँदै,

सन् १९६१ अप्रिल १८ मा भियानामा सम्पन्न कूटनीतिक सम्बन्ध सम्बन्धी महासन्धिका प्रावधान, सन् १९६३ अप्रिल २४ मा भियानामा सम्पन्न कन्सुलर सम्बन्ध सम्बन्धी महासन्धिका प्रावधान, संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लिखित सिद्धान्तहरुमा आधारित भएर प्रस्तुत संयुक्त विज्ञप्तिमा हस्ताक्षर भएको मितिदेखि कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय गरेका छन्।

यस कुराको प्रमाण स्वरुप प्रस्तुत विज्ञप्तिमा आ-आफ्ना सरकारहरुबाट कानूनतः अधिकार पाएका देहायका प्रतिनिधिहरुले नेपाली र अंग्रेजी भाषाका दुई दुई सक्कल प्रतिहरुमा हस्ताक्षर गरेका छन्, दुईवटै प्रतिहरु समानरुपले प्रमाणिक हुनेछन्।

न्यूयोर्कमा वि.सं. २०८३ साल भदौ २९ तदनुसार सन् २०२६ सेप्टेम्बर १४ गतेका दिन सम्पन्न।

| | |
|---|---|
| **माइक्रोनेसीया सरकारका लागि** | **नेपाल सरकारका लागि** |
| **महामहिम श्री जीम एस. लिप्वे** | **महामहिम श्री लोक बहादुर थापा** |
| असाधारण तथा सर्वाधिकार सम्पन्न राजदूत | असाधारण तथा सर्वाधिकार सम्पन्न राजदूत |
| संयुक्त राष्ट्रसंघका लागि माइक्रनेसीयाका स्थायी प्रतिनिधि | संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि |